अजयमेरु गाउँपालिका

# स्थानीय राजपत्र

| खण्डः९ | संख्याः७ | मितिः२०८२।०६।२३ |
|---|---|---|

**भाग-२**

## अजयमेरु गाउँपालिका

**अजयमेरु गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२**

# विषयसूचीः-


१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ कार्यदलको परिचय ........ १

१.३ अध्ययनको उद्देश्य ........ २

१.४ अध्ययनको विधि र सीमा ........ २

२.१ मौजुदा सङ्गठनको कार्यक्षेत्र ........ ३

२.२ मौजुदा सांगठनिक ढाँचा ........ ४

२.३. मौजुदा दरबन्दीको अवस्था ........ ६

२. ४ कानूनी व्यवस्था ........ ८

२. ५ संगठन तथा व्यवस्थापन सर्वेक्षणका सिद्धान्तहरु ........ ९

३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण ........ १०

३.२ कार्यवोझ विश्लेषणः ........ १०

३.३ कार्य प्रकृतिको विश्लेषण ........ ३६

३.४ उपलब्ध मानव स्रोतको आँकलन ........ ३७

३.५ संगठनको वित्तिय अवस्थाको विश्लेषण ........ ३८

३.६ परिवर्तनको औचित्य ........ ४०

४.१ प्रस्तावित सांगठनिक ढाँचा ........ ४०

४.२ प्रस्तावित दरबन्दी तेरिज विवरण ........ ४०

४.३ अनुसूचीहरू ४०

(क) मौजुदा तथा प्रस्तावित सांगठनिक ढाँचा ४०

(ख) मौजुदा तथा प्रस्तावित दरबन्दी तेरिजको विवरण ........ ४०

(ग) प्रस्तावित शाखा र पदको कार्यविवरण ........ ४०

मौजुदा तथा प्रस्तावित सांगठनिक ढाँचा ........ ६१

मौजुदा तथा प्रस्तावित दरबन्दी तेरिजको विवरणः ........ ६३

**भाग-१**

परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

सरकारी कार्यालयहरूमा सङ्गठन तथा जनशक्ति विस्तार तथा सङ्कचन गर्दा निश्चित आधार सहितकोसङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानुनी व्यवस्था हालसम्म कार्यान्वयनमा रहेको कर्मचारी सम्बन्धी छाता ऐन निजामती सेवा ऐन, २०४९ ले गरेकोछ। निजामती सेवा ऐनको दफा ६(क) को उपदफा (२) अनुसार कुनै नयाँ सरकारी कार्यालयस्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेकोसङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम,कार्य बोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिईसामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यस्तै उपदफा (२क) मा व्यवस्था भएअनुरूप अर्थ मन्त्रालयबाट प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कनगरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ भन्ने उल्लेख छ।

नेपालको संविधानको अनुसूची ८ र ९ बमोजिम स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश रस्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको कार्यविभाजन नियमावली, २०७४ बमोजिम गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनकालागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा स्वीकृत भएको यस गाउँपालिकाको सङ्गठनसंरचना र दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ रकर्मचारी समायोजन ऐन, २०७५ र सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा सञ्चालन सम्बन्धी ऐन, २०८२ बमोजिम गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएकोहो।

## १.२ कार्यदलको परिचय

अजयमेरु गाउँपालिकाको संगठन तथा व्यस्थापन सर्वेक्षण गर्ने कार्यका लागी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित समितिले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशका प्रतिनिधि, वडा अध्यक्ष,कार्यपालिका सदस्य, वडा सदस्यहरु तथा बिषयगत शाखा प्रमुखहरु,  संग छलफल गरी प्रतिवेदन तयार पारिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

**समितिले देहायका उद्देश्यहरु राखि अध्ययन गरी प्रतिबेदन तयार पारेको छ।**

- स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीयसरकार सञ्चालन ऐन र कर्मचारी समायोजन ऐन, सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा सम्बन्धी ऐन, २०८२ बमोजिमगाउँपालिकाको सङ्गठन संरचना रदरबन्दी तेरिज स्वीकृतिका लागि सिफारिस गर्ने।
- प्रस्ताव गरिएका शाखाहरूको कार्य विवरण सिफारिस गर्ने।

## १.४ अध्ययनको विधि र सीमा

समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सर्वमान्य सिद्धान्त, गाउँपालिकाका नेपालको संविधानमाउल्लिखित एकल तथा साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय सरकारका अधिकारसमेतको आधारमा गाउँपालिकाको सङ्गठन संरचना, दरबन्दी तेरिज तथा शाखाहरूको कार्य विवरण,कार्यकम, कार्य बोझ र कार्य प्रकृतिको अध्ययन विश्लेषण, गाउँ कार्यपालिकाका सदस्यहरूबाट प्राप्तराय/सुझावहरू तथा विगतका अध्ययन प्रतिवेदनहरूको विश्लेषण समेतको आधारमा यो प्रतिवेदनतयार गरिएको छ। प्रस्तावित शाखाहरूमा कार्य गर्नका लागि दरबन्दी सृजना भई कर्मचारीसमायोजन ऐन, २०७५ बमोजिमको विद्यमान गाउँपालिकाको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दीपुनरावलोकन गर्नु परेको र गाउँपालिकाको संगठन संरचनालाई समयानुकूल बनाउन गर्नुपर्ने आवश्यकपरिवर्तनका लागि सङ्गठन संरचना र दरबन्दी विवरण तथा प्रतिबेदन तयारगरिएको छ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## भाग - २
## मौजुदा संगठन र दरबन्दी

### २.१ मौजुदा सङ्गठनको कार्यक्षेत्र

नेपालको संविधान, नेपाल सरकारको कार्यविस्तृतिकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७४ लगायतका प्रचलित कानूनमा तोकिएका कार्यहरू यस गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्छन्।

**गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७४ अनुसार गाउँ कार्यपालिकामा रहने विषयगत शाखा (शाखा, कार्यालय, उपशाखा, इकाई) को विवरण**

**१. सामान्य प्रशासन शाखा**

(क) स्थानीय सेवा तथा जनशक्ति विकास उपशाखा
(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन उपशाखा
(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय उपशाखा
(घ) नगर प्रहरी व्यवस्थापन उपशाखा
(ङ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन उपशाखा
(च) सूचना तथा संचार प्रविधि विकास तथा विस्तार र एफ.एम. संचालन उपशाखा
(छ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्ष र उपभोक्ता हित संरक्षण उपशाखा
(ज) बैठक तथा विधायन उपशाखा
(झ) आन्तरिक लेखापरिक्षण उपशाखा
(ञ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि तथा विभुषण इकाई

**२ राजश्व तथा आर्थिक प्रशासन शाखा**

(क) राजश्व नीति तथा प्रशासन उपशाखा
(ख) आर्थिक प्रशासन उपशाखा

**३ पूर्वाधार विकास तथा भवन नियमन शाखा**

(क) सडक तथा यातायात व्यवस्था उपशाखा
(ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत) उपशाखा
(ग) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा, भू-उपयोग तथा वस्ती विकास उपशाखा
 (१) जग्गा नापी तथा नक्सा, घरजग्गा धनी पूर्जा इकाई
 (२) बस्ति विकास इकाई
(घ) जलविद्युत, उर्जा, सडक वत्ति तथा सिंचाई उपशाखा
 (१) जलविद्युत, उर्जा र सडक वत्ति इकाई
 (२) सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण इकाई
(ङ) वातावरण, पर्यावरण एवं जलाधारक्षेत्र संरक्षण तथा फोहरमैला व्यवस्थापन उपशाखा

(च) विपद् व्यवस्थापन (वारुणयन्त्र, एम्वुलेन्स तथा यन्त्र उपकरण परिचालन समेत) उपशाखा

(छ) सार्वजनिक निजी साझेदारी इकाई

४. **आर्थिक विकास शाखा**

(क) कृषि, पशुपन्छी तथा सहकारी कार्यालय

(ख) वन तथा भू-संरक्षण कार्यालय

(ग) उद्योग तथा उद्यमशिलता विकास उपशाखा

(घ) रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण उपशाखा

**५. सामाजिक विकास शाखा**

(क) आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय

(ख) खेलकूद तथा अतिरिक्त क्रियाकलाप इका

(ग) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यालय

(घ) खानेपानी व्यवस्थापन कार्यालय

(ङ) लैंगिक समानता तथा सामाजिक सुरक्ष उपशाखा

(१) लैंगिक समानता इकई

(२) वालवालिका, किशोर किशोरी तथा यूवा इकाई

(३) अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक इकाई

(च) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन इकाई

(छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता इकाई

(ज) संस्कृतिक, सम्पदा, ललितकला तथा पर्यटन प्रबर्द्धन इकाई

**६. योजना, अनुगमन तथा तथ्यांक शाखा**

(क) योजना, कार्ययोजना तर्जुमा तथा उपभोक्ता समिति परिचालन इकाई

(ख) अनुगमन तथा मूल्यांकन इकाई

(ग) तथ्यांक व्यवस्थापन इकाई

## २.२ मौजुदा सांगठनिक ढाँचा

नेपाल सरकारमन्त्रिपरिषदबाट २५ हजारसम्म जनसंख्या भएको स्थानीय तहको लागि स्वीकृत भएको अजयमेरु गाउँपालिकाको संगठन संरचना देहाय बमोजिम रहेको छ ।

## अजयमेरु गाउँपालिकाको संगठन संरचना



## २.३. मौजुदा दरबन्दीको अवस्था

| अजयमेरु गाउँपालिका, डडेल्धुरा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गाउँ कार्यपालिकाकोकार्यालयको दरबन्दी तेरिज | | | | | | | | | |
| क्र.सं | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाटसमायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
| १ | प्रमुखप्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८औ | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औ | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिकलेखा परीक्षक | ५ औ | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औ | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्युटरअपरेटर | ५ औ | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | अनमि | ५/६ औ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १२ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.इ. | | १ | | १ | |
| १३ | सवइन्जिनियर | ५ औ | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १५ | स.महिलाविकास निरीक्षक | चौथो/पाँचौ | विविध | | | १ | | १ | |
| १६ | खा.पा.स.टे. | चौथो/पाँचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| कार्यालयतर्फ जम्मा | | | | | | २० | ० | १९ | |
| वडा कार्यालय (६ वटा) | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ औ | प्रशासन | सा.प्र. | | २ | ० | २ | |
| २ | सवइन्जिनियर | ५ औ | इन्जि. | सिभिल | | २ | ० | २ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | ० | ४ | |
| ४ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | ४ | ४ | |
| वडा कार्यालयतर्फ जम्मा | | | | | | १२ | २ | १२ | |
| कूल जम्मा | | | | | | ३२ | २ | ३१ | |

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसारको मिल्दो चौथो तहमा काम काजमा लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाइ, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरतरहेको पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालनऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौं कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता समेतको आधारमा सब-ई.,अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ।

यस दरबन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरूले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ।

**कृषि तथा पशु तर्फको दरबन्दी विवरणः-**

| क्रस | पद | सेवा समूह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत | कृषि | ७/८ औं | १ | |
| २ | सहायक | कृषि | ५ औं | २ | |
| ३ | सहायक | कृषि | ४ औं | १ | |
| ४ | अधिकृत | कृषि/लापोडेडे | ९/१०औं | १ | |
| ५ | सहायक(प.स्वा.प्रा.) | कृषि/भेट | ५ औं | १ | |
| ६ | सहायक(प.से.प्रा.) | कृषि/लापोडेडे | ५ औं | १ | |
| ७ | सहायक(ना.प.स्वा.प्रा.) | कृषि/भेट | ४ औं | १ | |
| ८ | सहायक(ना.प.से.प्रा.) | कृषि/लापोडेडे | ४ औं | १ | |
| जम्मा | | | | ९ | |
| गाउँकार्यपालिका र कृषि पशुको जम्मा | | | | ४१ | |

## २. ४ कानूनी व्यवस्था

अजयमेरु गाउँपालिका, डडेल्धुराको सङ्गठन तथा व्यवस्थापनका सर्बेक्षणका लागि देहायका कानूनीआधारहरू रहेकाछन ।स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दीको व्यवस्थारहेको छ, जसमा

(१) उपदफा (१) गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता,खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नु पर्नेछ ।

(२) उपदफा (२) उपदफा (१) बमोजिमको संगठन संरचनामा हरेक वडाको सगंठन संरचना समेत समावेश भएको हुनु पर्नेछ ।

(३) उपदफा (३) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकारक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी सगंठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(४) उपदफा (४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधी उपचार सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिधित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(५) उपदफा (५) उपदफा (३) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(६) उपदफा (६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन ।

(७) उपदफा (७) गाउँपालिका तथा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ ।

(८) उपदफा (८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँपालिका तथा नगरपालिकालेगाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।

(९) उपदफा (९) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) उपदफा (१०) यस दफा बमोजिम तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

ख. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) कर्मचारी समायोजनको कार्यसम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वादरबन्दी थपघट,

हेरफेर वा परिमार्जन गर्न सक्नेछन। सम्बन्धित प्रदेश वा स्थानीय तहबाटअनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

## २. ५ संगठन तथा व्यवस्थापन सर्वेक्षणका सिद्धान्तहरु

अजयमेरु गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणका क्रममा देहायका सिद्धान्तहरु अवलम्बन गरिएको छ ।

- कार्य विशिष्टिकरण मिल्दो वा एकै प्रकृतिको कार्य एकै ठाँउमा राख्नेसिद्धान्तअनुरुपसंगठन संरचना प्रस्ताव गरिएको,
- कार्य बोझ र दरवन्दीको किसिम, तह र संख्याबीच तालमेल मिलाइएको,
- प्रत्येक पदमा आसिन कर्मचारीले हप्तामा ४० घण्टा काम गर्नु पर्ने ।
- कुनै एक दरवन्दीसृजनाको लागि प्रत्येक हप्ता ४० घन्टाको कार्यबोझ (work load) हुनुपर्ने गरी दरबन्दी प्रस्ताव गरिएको,
- दरवन्दी संरचनालाई यथासम्भव घटाई उपयुक्त आधारमा ल्याइएको,
- सूचना प्रविधिको प्रयोगबाट संगठनको अभिलेख व्यवस्थापन कार्य सरलीकरण, समयको बचत,
- स्थान व्यवस्थापन (space management) कार्यदक्षतामा हासिल गर्ने संगठन तथा कार्यविधिलाई IT based बनाउने प्रयास गरिएको,
- संगठन तथा दरवन्दी सिर्जना गर्दा कार्यबोझका आधारमा संरचनाको सिद्धान्त (StructureBased on workload),
- संगठनात्मक संरचनाको आधारमा जनशक्तिको सिद्धान्त (Staffingbased on Functions and Structure),
- आयतन लाभको सिद्धान्त (Economies of Scale) र सेवाप्रवाहको सुनिश्चितता (Certainty of Service Delivery) लाई ध्यानमा राखी उपयुक्त संगठन संरचना र दरबन्दी सृजना गरि

## भाग-३

### ३.१ कार्यक्रम, कार्यबोझ र कार्य प्रकृतिको विश्लेषण

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकारको सूची, गाउँपालिकाद्वारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई अजयमेरु गाउँपालिकाकोसंगठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ। सोहीअनुसार यस गाउँपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत संघको रहने गरी साविकका शाखा र ईकाईहरुका कार्यहरुका आधारमा एकीकृत र खण्डित गरिएको हो । गाउँपालिका अन्तर्गत विभिन्न शाखाहरु र इकाइहरू रहने गरि प्रस्ताव गरिएको छ। गाउँपालिकामा कुल ४० वटा स्थायी दरबन्दि र ८७ ओटा अस्थायी दरबन्दी प्रस्ताव गरिएको छ।यस दरबन्दि भित्र गाउँपालिका अन्तर्गतका सबै शाखा इकाइ ,वडा कार्यालय, स्वास्थ्य चौकी,सामुदायिक स्वास्थ्य ईकाई,कृषि र पशु सेवा केन्द्रको विवरण समेटिएको छसाथै संघीय र प्रदेश सरकारका ससर्त कार्यक्रम अन्तर्गत गाउँपालिकाले जनशक्तिमा साझेदारि गर्नुपर्ने पदहरू पनि समेटिएको छ।जस मध्ये ६७कर्मचारी स्थायी पद पुर्तिहुने गरी प्रस्तावित गरिएको छ भने बाँकी दरबन्दिहरु करार ज्यालादारीमा पदपुर्ति गर्ने गरी प्रस्ताव गरिएको छ।करार ज्यालादारीमा पुर्ती गर्ने गरी प्रस्ताव गरिएका पदहरू विशेष गरी स्थानीय सरकार सञ्चालनऐन, २०७४ ले तोकेका र कर्मचारी समायोजन पूर्वदेखि कार्यरत रहेका सामाजिक परिचालक, कार्यालय सहयोगी, हेभी सवारी चालक, हलुका सवारी चालक, पाले, स्वीपरजस्ता श्रेणीविहीन दरबन्दीहरू रहेका छन। प्रस्तावित दरबन्दी गाउँपालिकाको वित्तीय श्रोत तथाकामको बोझका आधारमा एक पटक नभई पटक पटक गरी पदपुर्ति गर्न समेत सिफारिस गरिएकोछ। सङ्गठन संरचनाको दरबन्दी विवरण क्रमशःअनसूची १ र २ मा उल्लेख गरिएको छ । शाखा तथा इकाईहरूको कार्य विवरण यसै प्रतिबेदनको अनसूची ३ मा संलग्न गरिएको छ ।

### 3.2 कार्यवोझ विश्लेषणः

नेपाल सरकारले तायार पारी स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखित र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरुका सम्बन्धमा भएको व्यवस्था तुलनात्मक रुपमा तपसील बमोजिम देखाइएको छ।

| संविधानको अधिकार सूचीका विषयमा नेपाल सरकारवाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिबेदनमा उल्लेखित | स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहको काम कर्तव्य र अधिकार |
|---|---|
| **१ नगर प्रहरी**<br>१.१ स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानून मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग, | **क.नगर प्रहरी**<br>१.नगर प्रहरीको गठन सन्चालन व्यवस्थापन नियमन तथा नगर प्रहरी समबन्धी नीति कानूनकानून र मापदण्डको निर्माण |

| | |
|---|---|
| १.२ स्थानीय सरकारको सम्पत्ति संरक्षण<br><br>१.३ स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा, जात्रा चाडपर्व आदि व्यवस्थापनमा सहयोग पुर्याउने<br><br>१.४ स्थानीय बजार., पार्किङ्गस्थल व्यवस्थापनमा सहयोग<br><br>१.५ स्थानीय नगर कार्यपालिकाले तोकेका नगर गाउँ प्रहरी सम्बन्धी नीति, योजना, कार्यक्रम बमोजिमका कार्य<br><br>१.६ स्थानीय कानून बमोजिम, नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन र कसूर उपर छानवीन र अनुसन्धान<br><br>१.७ स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग<br><br>१.८ स्थानीय तहको कार्यालय परिसर,, सम्पदा, सार्वजिनक, ऐलानी, पर्तिजग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा<br><br>१.९ विपद व्यवस्थापनमा सहयोग,<br><br>१.१० अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग<br><br>१.११ संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगरप्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन | तथा कार्यान्वयन,<br><br>२. देहायका कार्यमा सहयोग पु-याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः-<br><br>३. गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,<br><br>४.गाउँपालिका वा नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण,<br><br>५. स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा र व्यवस्थापन,<br><br>६.स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,<br><br>७.गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,<br><br>८. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,<br><br>९. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,<br><br>१०. विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना<br><br>११. अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,<br><br>१२. छाडा पशु चौपायाको नियन्त्रण,<br><br>१३. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,<br><br>१४. कार्यपालिकाले तोकेको अन्य कार्य । |
| **२. सहकारी संस्था**<br><br>२.१ सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br><br>२.२ स्थानीय सहकारी. संस्था दर्ता, अनुमति, खारेजी र विघटन | **ख. सहकारी संस्था**<br><br>१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,<br><br>२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्र भित्र संचालित हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन, |

| | |
|---|---|
| २.३ सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी. स्थानीय मापदण्ड, नियमन<br><br>२.४ सहकारी सम्बन्धी राष्ट्रिय., केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य<br><br>२.५ सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र. अध्ययन अनुसन्धान<br><br>२.६ स्थानीय सहकारी सम्बन्धी क्षमता अभिवृद्धि.<br><br>२.७ स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन.<br><br>२.८ सहकारी संस्थाको प्रबर्द्धन र विकास. | ३) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन,<br><br>४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,<br><br>५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,<br><br>६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,<br><br>७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास |
| **३. एफ.एम.संञ्चालन**<br><br>३.१ १०० वाट सम्मका एफ.एम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन<br><br>३.२ स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा., टेलिसेन्टर र स्थानीय केबुल तथा तार विहिन टेलीभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन | **ग. एफ.एम.संञ्चालन**<br><br>१) १०० वाट सम्मका एफरेडियो सञ्चालन एम. अनुमति, नवीकरण, नियमन र खारेज,<br><br>२) प्रदेश कानूनको अधीनमा रही एफ.एफ. सञ्चालन सम्बन्धी अन्य कार्य । |
| **४. स्थानीय कर (सम्पत्ति कर), घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन (अनुसूची ९ (बाट समेत (६)**<br><br>४.१ आर्थिक कार्यविधि सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br><br>४.२ बजेट सीमा., निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन<br><br>४.३ स्थानीय सञ्चितकोष व्यवस्थापन,<br><br>४.४ आर्थिक प्रशासन र व्यवस्थापन,<br><br>४.५ स्थानीय तहको लगानी र लाभांशको, व्यवस्थापन<br><br>४.६ स्थानीय तहको विनियोजन,, राजस्व, धरौटी, कार्यसञ्चालन कोष एवं अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, लेखा तथा लेखापरीक्षण<br><br>४.७ सम्पत्ति कर., घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), | **घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**<br><br>१) संघीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,<br><br>२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, संङ्कलन र व्यवस्थापन,<br><br>३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, याफ्टिङ्ग, मोटरबोट, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,<br><br>४) जडिबुटी, कबाडी र जीवजन्तु कर निर्धारण तथा संङ्कलन,<br><br>५) स्थानीय राजश्वको आधार विस्तार तथा प्रवर्द्धन,<br><br>६) ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन, |

| | |
|---|---|
| दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत, वहाल विटौरी घर जग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन,<br><br>४.८ स्थानीय पूर्वाधार तथा सेवामा शुल्क निर्धारण र संकलन र व्यवस्थापन<br><br>४.९ ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र याफ्टिङ्ग शुल्क<br><br>४.१० स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन<br><br>४.११ राजस्व सूचना तथा तथ्यांकको आदान प्रदान<br><br>४.१२ स्थानीय तहमा राजस्व नियन्त्रण सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन<br><br>४.१३ स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन<br><br>**५. स्थानीय सेवाको व्यवस्थापन**<br><br>५.१ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति., मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन<br><br>५.२ संविधानको धारा ३०२ समेतका आधारमा. कर्मचारी समायोजन पछिअधिनमा रहि आवश्यकता अनुसार कानूनबमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन<br><br>५.३ स्थानीय तहको संगठन विकास., जनशक्ति व्यवस्थापन र वृत्ति विकास<br><br>५.४ संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन. द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय<br><br>५.५ कानून बमोजिम स्थानीय तहको संगठन संरचना. तथा दरबन्दी निर्धारण<br><br>५.६ स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियम | ७) सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,<br><br>८) स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन,<br><br>९) राजश्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,<br><br>१०) संङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br><br>११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br><br>१२) मालपोत संकलन,<br><br>१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।<br><br>**ङ. स्थानीय सेवाको व्यवस्थापन**<br><br>१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवाशर्त, योजना, कार्यान्वयन र नियमन<br>२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,<br><br>३) संगठन विकास (, जनशक्ति व्यवस्थापन र वृत्ति विकास<br><br>४) संघीय कानून बमोजिम संगठन तथा व्यवस्थापन ( सर्भे गरी संगठन संरचना तथा दरबन्दी निर्धारण<br><br>५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,<br><br>६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,<br><br>७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| **६. स्थानीय तथ्यांक र अभिलेख संकलन अनुसूची ९ (को ११ समेत**<br><br>६.१ स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>६.२ बेरोजगारको तथ्याङ्क सहित स्थानीय तहका आधारभूत तथ्याङ्क संकलन र | **च. स्थानीय तथ्यांक र अभिलेख संकलन**<br><br>१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br><br>२) आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन ( |

| | |
|---|---|
| व्यवस्थापन<br><br>६.३ पञ्जीकरण व्यवस्थापन<br><br>६.४ स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन, | ३) वसाँइ सराइ सम्बन्ध विच्छेद, विवाह मृत्यू, जन्म ( दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन<br><br>४) सूचना तथा सञ्चार प्रविधीयुक्त आधारभूत तथ्यांकको ( संकलन र व्यवस्थापन<br><br>५) स्थानीय (तथ्यांक र अभिलेख संकलन सम्बन्धी अन्य कार्य । |
| **७स्थानीय स्तरका विकास आयोजना परियोजनाहरु**<br><br>७.१ स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन<br><br>७.२ अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन<br><br>७३ स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत, साधनको अभिलेख तयार गर्ने (प्रोफाईल)<br><br>७.४ स्थानिय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन<br><br>७.५ सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानिय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन<br><br>७.६ राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन<br><br>७.७ स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार<br><br>७.८ संधीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग | **छस्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु**<br><br>१ विकास आयोजना तथा परियोजना सम्बन्धी नीति (<br><br>अनुगमन कार्यान्वयन मापदण्ड तर्जुमा, कानून मूल्याँकन र नियमन<br><br>२प्रविधि, वातावरणीय, साँस्कृतिक, सामाजिक, आर्थिक (<br><br>र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा अनुगमन तथा मूल्याँकन कार्यान्वयन<br><br>३अनुसन्धान तथा प्रभाव आयोजनाको अध्ययन ( मूल्याँकन<br><br>४संभाव्य प्राकृतिक स्र (ोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,<br><br>५संघीय तथा प्रदेश कानूनका अधीनमा रही शहरी । वस्ती विकास र भवन सम्बन्धी नीति विकास मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, कानून कार्यान्वयन र अध्ययन आयोजना पहिचान नियमन<br>६राष्ट्रिय भवन संहिता तथा मापदण्ड (बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन<br><br>७ सामुदायिक भवन विध्यालय सरकारी भवन ( सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन, निर्माण<br><br>८संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको ( सहजीकरण र सहयोग कार्यान्वयनमा समन्वय<br><br>९ योजना सुरक्षित बस्ती विकास सम्बन्धी नीति ( नियमन अनुगमन कार्यान्वयन कार्यक्रम तर्जुमा र मूल्याँकन<br><br>१० सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून (बमोजिमको घ" बर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी |

| | |
|---|---|
| | ११ विस्तार र प्रवर्द्धन पर्यटन क्षेत्रको विकास ( कार्यान्वयन सम्बन्धी आयोजनाहरूको पहिचान अनुगमन तथा नियमन, व्यवस्थापन<br><br>१२नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी ( कार्यान्वयन आयोजनाहरूको पहिचान अन व्यवस्थापनगमन तथा नियमन,<br><br>१३विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य ( कार्य । |
| **८. आधारभूत तथा माध्यमिक शिक्षा**<br><br>८.१ प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा., अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक गुरुकुल), मदरसा, गुम्वा आदि एवम् निरन्तर ( सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>८.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको. योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन<br><br>८.३ पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन,<br><br>८.४ विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन<br><br>८.५ विद्यालय नक्शाङ्कन., विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन<br><br>८.६ शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार.<br><br>८.७ आधारभूत तह. कक्षा ८को परीक्षा व्यवस्थापन (<br><br>८.८ विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन,<br><br>८.९ विद्यार्थी प्रोत्साहन तथा छात्र. वृत्तिको व्यवस्थापन<br><br>८.१० शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन<br><br>८.११ स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रवर्द्धन र स्तरीकरण<br>८.१२ स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन<br><br>८.१३ माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन | **ज. आधारभूत र माध्यमिक शिक्षा**<br><br>१) प्रारंभिक बाल विकासत तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याँकन र नियमन,<br><br>२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,<br><br>३) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याँकन र नियमन,<br><br>४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,<br><br>५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,<br>६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,<br><br>७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,<br><br>८) विद्यालयको नामाकरण,<br><br>९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,<br><br>१०) विद्यालयको गुणस्तर अभिवृध्दि तथा पाठ्यसामग्रीको वितरण,<br><br>११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,<br><br>१२। विद्यालयको नक्शाँकन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,<br><br>१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, |

| | |
|---|---|
| | १४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,<br><br>१५) विध्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,<br><br>१६) निःशुल्क शिक्षा, विध्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,<br><br>१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,<br><br>१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,<br><br>१९। स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,<br><br>२०। माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,<br><br>२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,<br><br>२२। शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,<br><br>२३) अतिरिक्त शैक्षिक क्रियाकलापको |
| **९. आधारभूत स्वास्थ्य र सरसफाई**<br><br>९.१ आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति., कानुन, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन<br><br>९.२ आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन,<br><br>९.३ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा. सञ्चालन<br><br>९.४ स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास. तथा व्यवस्थापन<br><br>९.५ स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण<br><br>९.६ सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन<br><br>९.७ स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनउपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन<br><br>९.८ रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा | **झ. आधारभूत स्वास्थ्य र सरसफाई**<br><br>१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br><br>२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्दन,<br><br>३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा संचालन,<br><br>४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पुर्वाधारविकास तथा व्यवस्थापन,<br><br>५) स्वच्छ खानेपानी तथा खाध्य पदार्थको गुणस्तर र वायू तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन,<br><br>६) सरसफाई सचेतनाको अभिवृध्दि स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,<br><br>७) स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन, |

| | |
|---|---|
| ९.९ औषधि पसल सञ्चालन र नियमन<br><br>**संविधानको अनुसूची ९ को ३ बाट स्वास्थ्य सम्बन्धी**<br><br>३१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम . स्थानीय स्तरको लक्ष्य र गुणस्तर निर्धारण<br><br>३२ राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्गहोम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन<br><br>३३ स्थानीय स्तरमा औषधिजन्य वनस्पति., जडीबुटी र अन्य औषधिजन्य बस्तुको उत्पादन, प्रशोधन र वितरण<br><br>३४ स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन<br><br>३५ स्थानीय स्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन<br><br>३६ स्थानीय स्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म । जीव निरोधक प्रतिरोध Antimicrobial Resistance) न्यूनीकरण<br><br>३७ स्थानीय स्तरमा औषधी र स्वास्थ्य उपकरणको . खरिद, भण्डारण र वितरण<br><br>३८ स्थानीय स्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन,<br><br>३.१० स्थानीय स्तरमा जनस्वास्थ्य निगरानी पब्लिक) (हेल्थ सर्भेलेन्स<br>३.११ स्थानीय स्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक., उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभस्वास्थ्य सेवा सञ्चालन<br><br>३.१२ स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन<br><br>३.१३ जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा. व्यवस्थापन<br><br>३.१४ सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि<br><br>३.१५ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन<br><br>३.१६ स्थानीय स्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन<br><br>३.१७ स्थानीय स्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण. तथा रोकथाम | ८) रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा संञ्चालन,<br><br>९) औषधि पसल संचालनअनुगमन अनुमति र नियमन<br><br>१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,<br><br>११) परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा संञ्चालन, अनुमति, अनुगमन तथा नियमन,<br><br>१२) महिला तथा बालवालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन । |

| | |
|---|---|
| ३.१८ आकस्मिक स्वास्थ्य सेवा प्रवाह | |
| **१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता) अनुसूची ९) ७ (समेत )**<br><br>**१०.१ स्थानीय बजार व्यवस्थापन**<br><br>१०.१.१ स्थानीय व्यापारवाणिज्य, मागआपूर्ति, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br><br>१०.१.२ स्थानीय बजार तथा हाट बजार व्यवस्थापन<br><br>१०.१.३ स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन<br><br>१०.१.४ स्थानीय व्यापारवाणिज्य सम्बन्धी पूर्वाधार/<br><br>१०.१.५ स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन<br><br>१०.१.६ स्थानीय स्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन<br><br>१०.१.७ स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान<br><br>१०.१.८ निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य<br><br>१०.१.९ स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन<br><br>१०.१.१० स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन<br>१०.१.११ उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण<br><br>**१०.२ वातावरण संरक्षण र जैविक विविधता.**<br><br>१०.२.१ स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>१०.२.२ स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br><br>१०.२.३ स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन<br><br>१०.२.४ स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन | **अ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**<br><br>१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,<br><br>२) बजार तथा हाट बजार व्यवस्थापन<br><br>३) स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन,<br><br>४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,<br><br>५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,<br><br>६) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,<br><br>७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,<br><br>८) निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य,<br><br>९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,<br><br>१०) स्थानीय वौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,<br><br>११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण,<br><br>१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानिय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन. अनुगमन रनियमन,<br><br>१३) स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br><br>१४) स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन, |

| | |
|---|---|
| १०.२.५ स्थानीय स्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन<br><br>१०.२.६ स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन<br><br>१०.२.७ स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन | १५) स्थानीय स्तरमा सरसफाई र फोहोरमैला व्यवस्थापन,<br><br>१६) स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास अवलम्बन,<br><br>१७) स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन,<br><br>१८) स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,<br><br>१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य। |
| **११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ (अनुसूची ९ (समेतबाट (५)**<br><br>११.१ स्थानीय सडक., ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>११.२ स्थानीय सडक., ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमानिर्माणस्तरोन्नतिका आयोजना पहिचान/, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन<br><br>११.३ स्थानीय क्षेत्रमा ट्रलीवस,, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>११.४. राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्र भित्र शहरी रेल सेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भारसमन्वय र सहकार्य,<br><br>११.५ स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र. नियमन | **ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ**<br><br>१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br><br>२) स्थानीयग्रामीण तथा कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटवन्धन सम्बन्धीगुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, संभार र नियमन,<br><br>३) स्थानीय स्तरको सिंचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत संभार, स्तरोन्नति, अनुगमन र नियमन,<br><br>४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,<br><br>५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी कार्य । |
| **१२. गाउँसभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**<br><br>१२.१ गाउँसभा,, नगरसभाले आआफ्नो क्षेत्रको नीति, कानून र मापदण्डको स्वीकृति<br><br>१२.२ स्थानीय स्तरका आवधिक योजना तथा वार्षिक योजना एवम् बजेट स्वीकृति<br><br>१२.३ स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी वमोजिम . आफ्नो क्षेत्रभित्र राजश्वका दरर अन्य शुल्क निर्धारण<br><br>१२.४ स्थानीय स्तरको प्राकृतिक श्रोतको उपयोग. सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना<br><br>१२.५ स्थानीय सामुदायिकमेलमिलाप र मध्यस्थता | **ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन**<br><br>१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधी,<br><br>२) स्थानीय स्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृती,<br><br>३) सभाका समितिहरूको गठन र सञ्चालन,<br><br>४। स्थानीय तह वीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,<br><br>५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदन माथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन, |

| | |
|---|---|
| | ६। विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,<br><br>७) गाउँपालिका तथा नगरपालिका लाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,<br><br>८) स्थानीय मेलमिलाप र मध्यस्थता,<br><br>९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य |
| **१३. स्थानीय अभिलेख व्यवस्थापन**<br><br>१३.१ स्थानीय अभिलेख व्यवस्थापन सम्वन्धी नीति., कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>१३.२ स्थानीय स्तरको अभिलेख व्यवस्थापन, | **ङ. स्थानीय अभिलेख व्यवस्थापन**<br><br>१. राष्ट्रिय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,<br><br>२. जनसाँख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पुर्वाधाररोजगारीकोकूल ग्राहस्थ उत्पादन अवस्था, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तिकरण सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्यांक संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवध्दता र पार्श्व चित्र तथा स्रोत नक्शाको अध्यावधिक अभिलेखन,<br><br>३. सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,<br><br>४. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अध्यावधिक अभिलेख,<br><br>५. आफ्नो क्षेत्रभित्र सम्पन्न भएका चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अध्यावधिक अभिलेख,<br><br>६. स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,<br><br>७. स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य। |
| **१४. घर जग्गा धनी पुर्जा वितरण**<br><br>१४.१ प्रादेशिक मापदण्ड बमोजिम स्थानीय घर जग्गा धनी पुर्जा वितरण लगत व्यवस्थापन<br><br>१४.२ भूमिको वर्गीकरण अनुसारको लगत.<br><br>१४.३ स्थानीय जग्गाको कित्ता काट र भूमि लगत. । नक्सा, सेस्ता निर्माण र (संरक्षण | **ढ. घर जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण**<br><br>१) स्थानीय जग्गाको नाप, नक्शा, कित्ता काट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,<br><br>२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,<br><br>३) भूमिको वर्गीकरण अनुसारको लगत, |

| | |
|---|---|
| १४.४ सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति,, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण<br><br>१४.५ जग्गा विवाद समाधान,<br><br>१४.६ विश्व सम्पदा सूचीमा परेका स्मारक र. पुरातात्विक महत्वका एवं वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत | ४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,<br><br>५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,<br><br>६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य। |
| **१५.१ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य**<br><br>१५.१.१. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी स्थानीयनीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>१५.२ कृषि तथा पशुपन्छी बजार सूचना. १., बजार तथा हाटबजार पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम संचालन र नियमन<br><br>१५.३ कृषि तथा पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा .१.महामारी रोग नियन्त्रण<br><br>१५.४ पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन. १.<br><br>१५.५ कृषि वातावरण संरक्षण. १., जैविक विविधता संरक्षण र प्रबर्द्धन<br><br>१५.६ उच्च. १. मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन तथा विकास र बजारीकरण<br><br>१५.७ पशु नश्लसुधार पद्धति विकास र व्यवस्थापन. १.<br><br>१५.८ स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन. १.<br><br>१५.९ पशु आहार गुणस्तर नियमन. १.<br><br>१५.१० स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र.१. सूचना प्रणाली<br><br>१५.११ वधशाल. १.०० र शीत भण्डारणको व्यवस्थापन र नियमन<br><br>१५.१२ कृषि तथा पशुपन्छी सम्बन्धी बीमा र कर्जा. १. सहजीकरण<br><br>१५.१३ साना सिंचाई निर्माण तथा सुधार. १. | **ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापनपशु, स्वास्थ्य, सहकारी**<br><br>१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुनमापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,<br><br>२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिंचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,<br><br>३) कृषि तथा पशुपंछी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण,<br><br>४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,<br><br>५) कृषि वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रबर्द्धन,<br><br>६) पशु नश्ल सुधार पध्दतिको विकास र व्यस्थापन,<br><br>७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन. विकास तथा बजारीकरण,<br><br>८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,<br>९) पशु आहारको गुणस्तर नियमन,<br><br>१०) स्थानीय स्तरमा तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,<br><br>११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,<br><br>१२) पशुपन्छी सम्वन्धी बीमा र कर्जा सहजीकरण,<br><br>१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य । |
| **१६. जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन** | **त. जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन** |

| | |
|---|---|
| १६.१ संघ र प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम स्थानीय स्तर मा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन | १) संघ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,<br><br>२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अध्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,<br><br>३) जेष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,<br><br>५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,<br><br>६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य |
| **१७. बेरोजगारको तथ्यांक संकलन अनुसूची ८ (१७)**<br><br>१७.१ रोजगार र बेरोजगारको तथ्यांक संकलन, प्रशोधन रसूचना प्रणाली<br><br>१७.२ विदेशी श्रमिकको सूचना व्यवस्थापन | **थ. बेरोजगारको तथ्यांक संकलन**<br><br>१) रोजगार तथा बेरोजगार श्रम शक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,<br><br>२। स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन, तथा सूचना व्यवस्थापन,<br><br>३। विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन,<br><br>४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,<br><br>५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,<br><br>६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,<br><br>७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण, |

| | |
|---|---|
| | ८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उध्यमशीलताको उपयोग,<br><br>९) बेरोजगारको तथ्यांक संकलन सम्बन्धी अन्य कार्य । |
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधोपचार गराउने,
- असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्ने गराउने,
- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाइ, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने ।
- कानुन बमोजिमका नियमन कार्य गर्ने ।
- वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राखे,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत् चुहावट तथा चोरी नियन्त्रण गर्ने।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महसुलको स्थानीय दररेट तोक्ने।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरूसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने।
- समय समयमा नेपाल कानुनले तोकेबमोजिम अन्य काम गर्ने।
- अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने
- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- गाउँपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- सङ्घीय कानुन र मापदण्ड बमोजिम गाउँपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्त्वपूर्ण अभिलेखको व्यवस्थापन,

- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यवस्थापन,
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,
- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा वस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घरजग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घर पाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,
- नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनी पूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,
- उद्योग ठाउँ सारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने

**ख. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**

**१ सडक, सिँचाई तथा अन्य पूर्वाधार विकास इकाई**

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार
- यातायात सुरक्षा व्यवस्थापन र नियमन
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा र निर्धारण र नियमन
- ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन
- ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन
- आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकार सँग समन्वय
- यातायात क्षेत्रमा लगानी अभिवृद्धि
- यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच
- यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन
- निजी यातायात नियमन व्यवस्थापन
- साना जलविद्युत आयोजना, नवीकरणीय ऊर्जा तथा वैकल्पिक ऊर्जा सम्बन्धी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि/प्रवर्द्धन,
- विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन
- सडक बत्तीको व्यवस्थापन
- सिँचाई सम्बन्धी नीति, कानुन, मापदण्ड निर्धारण र नियमनसिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार तथा सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी स्थानीय
- तटबन्ध, नदी नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन
- साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

**२ भवन निर्माण तथा वस्ती विकास इकाई**

- सहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन
- आधारभूत आवासका योजना तर्जुमा र कार्यान्वयन
- गाउँपालिकामा अव्यवस्थित बसोबास व्यवस्थापन कार्यक्रमको तर्जुमा र कार्यान्वयन

- आधारभूत बसोबास सम्बन्धमा प्रदेश सरकारसँग समन्वय
- योजनाबद्ध र व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन
- आफ्नो क्षेत्रको भू उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन
- व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन
- सङ्घीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था
- स्थानीय स्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्था
- एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन ।
- भूमिको वर्गीकरण अनुसारको लगत
- जग्गाको कित्ताकाट र भूमि लगत (नक्सा, स्रेस्ता) निर्माण र संरक्षण
- सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण
- जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता
- स्मारक र पुरातात्त्विक महत्त्व लगायत वन, सिमसार क्षेत्र, तट वर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत
- भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन
- भवन निर्माणको नक्सा स्वीकृति, संशोधन, नियमन५६:पुरातत्त्व, प्राचीन स्मारक र संग्राहालय संरक्षण, संवर्द्धन र पुनः निर्माण,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत सम्भार,

**३ वातावरण तथा विपद् व्यवस्थापन इकाई**

- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना
- विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य
- विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन
- विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण
- विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
- वारुण यन्त्र तथा एम्बुलेन्सको सञ्चालन तथा व्यवस्थापन
- स्थानीय आपत्कालीन कार्य सञ्चालन प्रणाली
- फोहर मैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन

- ल्याण्डफिल साइट व्यवस्थापन ।
- सरसफाइ तथा स्वास्थ्यजन्य फोहोर मैलाको व्यवस्थापन ।
- सार्वजनिक शौचालय व्यवस्थापन ।
- वातावरण, पर्यावरण एवं जलाधार क्षेत्र संरक्षण सम्बन्धी कार्य
- स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानुन, कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन
- वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन
- वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण
- हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण५७:वातावरणीय जोखिम न्यूनीकरण
- न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन
- वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन, पहिरो नियन्त्रण ,जलवायु परिवर्तन अनुकूलन कार्यक्रम
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुङ्गा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरी ढुङ्गा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरी ढुङ्गा, फायर क्ले, स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यवस्थापन
- भौगर्भिक नक्सा प्रकाशन ।
- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती वनको संरक्षण, संवर्द्धन, उपयोग र नियमन
- वन उपभोक्ता समूहको व्यवस्थापन
- मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन
- नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन
- निजी तथा व्यावसायिक वनको प्रवर्द्धन र नियमन
- सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन
- जडीबुटी तथा अन्य गैर काष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन
- वन बीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन
- नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन
- वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन
- वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन
- स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन
- स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन, स्थानीय स्तरमा आखेटोपहारको व्यवस्थापन
- वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिरेखाङ्कन र अध्ययन अनुसन्धान
- रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन, मिचाहा प्रजातिको नियन्त्रण, जैविक विविधताको अभिलेख

- सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम
- भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन, जलवायु परिवर्तन अनुकूलन कार्य
- आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रवर्द्धन, व्यवस्थापन

**४ खानेपानी तथा सरसफाई इकाई**

- स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन, पानी मुहानको संरक्षण।
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय ।

**ग. सामाजिक तथा आर्थिक विकास शाखा**

**१ सामाजिक सुरक्षा तथा पंजिकरण इकाई**

- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान
- सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन
- सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य
- स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्याङ्क सङ्कलन एवं व्यवस्थापन
- आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

**२ महिला, बालबालिका तथा समाज कल्याण इकाई**

- महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन
- महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकास
- लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनः स्थापना
- लैङ्गिक उत्तरदायी बजेट
- बालबालिका, किशोर किशोरी तथा युवा तथा खेलकुद विकास
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- वालवालिकाको हकहित संरक्षण
- बालमैत्री शासकीय प्रबन्ध, बाल क्लव, बाल संरक्षण समिति तथा बाल सञ्जाल
- बालबालिकाको हकहित संरक्षण सम्बन्धमा सङ्घ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,
- बालबालिका परिवार सहयोग, वैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन
- बाल न्याय, बाल गृह, पुनः स्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन
- असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन, बाल हिंसा नियन्त्रण
- बाल सुधार तथा पुनः स्थापना केन्द्र स्थापना, सञ्चालन अनुमति र नियमन
- आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन
- बैंक खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम कार्यान्वयन, प्रतिवेदन तथा अभिलेख व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक
- ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य

- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनः स्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
- अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण
- अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन
- अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य, एकल महिला सम्बन्धी कार्य
- गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन
- स्थानीय स्तरमा समाज कल्याण सम्बन्धी सङ्घसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक सङ्घसंस्था) को दर्ता, नवीकरण तथा नियमन
- गुठी, कोष तथा अन्य ट्रस्टहरूको व्यवस्थापन
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य
- समन्वय र परिचालन
- सामाजिक सङ्घसंस्था सम्बन्धी अन्य विषय ।

**३ उद्योग, पर्यटन तथा सहकारी ईकाई**

- स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन
- बजार तथा हाट बजार व्यवस्थापन
- उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- खाद्य पदार्थको गुणस्तर नियन्त्रण,खानेपानीको गुणस्तर नियन्त्रण,स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
- स्थानीय वौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिरेखाङ्कन ।
- लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन विकास र प्रवर्द्धन
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन
- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन
- स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान
- स्थानीय सहकारीको क्षमता अभिवृद्धि
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन ।

**४ संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्धन इकाई**

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास
- परम्परागत रूपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन
- स्थानीय महत्त्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन
- पर्यटकीय महत्त्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन
- पुरातात्त्विक, धार्मिक महत्त्वका सम्पदाहरूको संरक्षण तथा संवर्द्धन
- भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रवर्द्धन र विकास

**घ. स्वास्थ्य तथा सरसफाई शाखा**

- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन ।
- राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण ।
- राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरूप जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन ।
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन ।
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन ।
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।
- सरसफाइ सचेतनाको अभिवृद्धि ।
- रक्त सञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा ।
- औषधि पसल सञ्चालन र नियमन ।
- औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण
- स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन ।
- औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन ।
- औषधिको उचित प्रयोग र सूक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण ।
- औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण ।
- स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन
- जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भे लेन्स) ।
- प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरुथापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन ।
- जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन ।
- सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि ।

- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन ।
- जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन ।
- सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम ।
- आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

**ङ. शिक्षा, युवा तथा खेलकुद शाखा**

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, नियमन ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन ।
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन ।
- विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन ।
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार ।
- आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन ।
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन ।
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन ।
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण ।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।
- पुस्तकालय एवं पत्रपत्रिका ।
- स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन ।
- नेपाल सरकारबाट शिक्षा तर्फ प्राप्त सशर्त अनुदानको सम्पूर्ण बजेट तथा कार्यक्रम सञ्चालन ।
- स्थानीय स्तरमा खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास
- खेलकुदको विकास र प्रवर्द्धन
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
- अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।
- युवा जागरण, सशक्तीकरण र परिचालन
- युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास
- खेलकुद विकास समिति गठन व्यवस्थापन तथा परिचालन

**च. कृषि तथा पशुपन्छी सेवा केन्द्र**

- कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

- कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन
- कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण
- कृषिसम्बन्धी बिमा र कर्जा सहजीकरण
- शीत भण्डारणको व्यवस्थापन
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण
- कृषि बीउ बिजन, नस्ल, मल खाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन
- कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण
- कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार
- कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन
- पशुपालन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- पशुपन्छी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण
- पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
- पशु नस्ल सुधार पद्धति विकास र व्यवस्थापन
- पशुपन्छी सम्बन्धी बिमा र कर्जा सहजीकरण
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन
- पशु आहारको गुणस्तर नियमन
- स्थानीय स्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली
- पशु वधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य

**छ. आन्तरिक लेखा परीक्षण इकाई**

- आन्तरिक तथा पूर्व लेखा परीक्षण
- लेखा परीक्षण विवरण (बेरुजुको लगत समेत। को अभिलेख व्यवस्थापन
- अन्तिम लेखा परीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण
- लेखा पालन सम्बन्धी क्षमता विकास कार्य
- बेरुजू फछ्यौट

**स्वास्थ्य चौकि र सामुदायिक स्वास्थ्य केन्द्र/ ईकाईको कार्यविवरण**

**१. योजना तर्जुमा**

- स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गरी राखे ।
- राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आवधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने ।
- कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने।

**२. परिवार नियोजन कार्यक्रम**

- कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राखे ।
- परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने ।
- परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने ।
- बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुयाउने ।
- परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने ।
- परिवार नियोजनका साधनहरुको पर्याप्त मौज्दात कायम राखे ।

**३. सुरक्षित मातृत्व**

- प्रत्येक गर्भवती महिलाको विवरण राखे ।
- गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने ।
- स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने ।
- जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने ।
- सुत्केरी पछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने ।
- सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिन, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने ।
- फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुलेमहिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राखे ।

**४. खोप**

- खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।
- खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरुको लगत तयार गर्ने र अद्यावधिक राखे ।
- खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने ।
- कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने ।
- खोप क्लिनिक सञ्चालन गर्ने ।
- खोप दिनुपर्ने बाकी संख्या पत्ता लगाउनेर सुक्ष्म योजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने ।

**५. पोषण**

- पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।
- ३ वर्ष मुनिका बच्चाहरुको वृद्धि अनुगमन गर्ने ।
- कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने ।
- कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गर्ने
- भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन एर आइरन चक्की वितरण गर्ने।
- आयोडिनयुक्त नुनको प्रयोगको प्रवद्धन गर्ने।
- सन्तुलित भोजनबारे सबै परिवारसम्म चेतना पुच्यउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने।

**६. झाडापखाला**

- झाडापखाला रोकथामबारे स्वास्थ्य शिक्षा दिने।
- ओकर्नर स्थापना गरी सञ्चालन गर्ने। टी. आर.
- झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने।
- झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिती अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने।

**७. श्वास प्रश्वास**

- श्वास प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षा दिने। -
- आएका श्वासप्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गरने।
- उपचार हुन नसकेका विरामीलाई तत्काले प्रेषण गरी पठाउने र पठाउदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने।
- श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुनेव्यवस्था मिलाउने।

**८. औलो तथा कालाजार**

- औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपायबारे जनचेतना जगाउने।
- औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना संकलन कार्यलाई व्यवस्थित गर्ने।
- औलो रोग तथा कालाजार शङ्का गरिएका व्यक्तिको रक्त नमूना लिने, प्रयोगशालामा जाच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने।
- औलो रोग तथा कालाजार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने माग गर्ने) वितरण गर्ने (
- प्रभावित क्षेत्रमा सिफारिश गरिएको कीटनासक औषधि छर्कने र झूल बितरण कार्य सञ्चालन गर्ने।

**९. क्षयरोग नियन्त्रण**

- क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने।
- प्रमाणित भएका रोगीको म्इत्क विधि अनुसार उपचार गर्ने।

- दर्ता भएका तर उपचारमा नआउने विरामीको खोजी गरी उपचार नियमित गराउने।
- क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने।

**१०. कुष्ठरोग नियन्त्रण**

- कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पुर्नस्थापना बारे जनचेतना जगाउने।
- कुष्ठरोगबाट प्रभावितहरुको लागि नियमित क्लिनिक सञ्चालन गर्ने।
- कुष्ठ रोगको उपचार र औषधिको प्रतिक्रियाबारे परामर्श दिने।
- नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने।
- कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने।
- कुष्ठरोगको रोकथाम तथा कुष्ठरोगप्रतिको जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

**११. एड्स/यौनरोग**

- एच.भी.आई. एड्स यौनरोग रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने।
- यौनरोग को उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने।

**१२. महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप**

- आफ्नो कार्यक्षेत्रमा कुनै पनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने र महामारीको बारेमा स्वास्थ्य संस्थाहरुमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुका साथै सोबारे माथिल्लो निकायलाई जानकारी गराउने ।
- प्राकृतिक प्रकोपको अवस्थामा आरसंग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा गई.टी.आर. आवश्यक सेवा प्रदान गर्ने।

**१३. वातावरणीय सरसफाई**

- आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरकोवाताबरण सरसफाई राखे।
- कार्यालय परिसर, सुई, मलहम
- पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राखे-
- चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने।
- खानेपानी मुहान सफा राख जनसहभागिता जुटाउने ।

**१४. स्वास्थ्य शिक्षा**

- शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय संचार माध्यमको उचित प्रयोग गर्ने।
- पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षय, कुष्ठ, कालाजार, एड्स यौनरोग, व्यक्तिगत तथा वातावरणीय सरसफाई, लैङ्गिक भेदभाव हटाउने आदि विषयमा नियमित स्वास्थ्य शिक्षा दिने।

**१५. गाउँघर क्लिनिक कार्यक्रम**

- प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने।
- कार्यक्रम सम्बन्धी वडास्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने।

- गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने।
- आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने।
- सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने।
- सुक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने।

**१६. महिला स्वास्थ्य स्वयंसेविका**

- जनसंख्या कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने ।
- लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने ।
- कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आईरन चक्की, जिन्क, सिटामोल, भिटामिन ए, प्राथमिक उपचार शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने ।

**१७. उपचार सेवा**

- नियमानुसार १० देखि ५ बजेसम्म नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने ।
- उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने
- आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने ।
- अन्तरङ्ग उपचार सेवा दिने
- रक्तचाप परीक्षण, धड्कन नाडी चेक गर्ने, ज्वरो नाप, श्वासप्रश्वास वृद्धि विकास, तौल उचाई परीक्षण सम्बन्धी सेवा दिने ।
- नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, उपचार नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने ।
- ज्वरो, टाउको दुखेको, जीउ दुखेको, खोकी लागेको, पाँच वर्ष मुनीको बच्चा बिरामी, न्यून श्वासप्रश्वास, छाती पोलेको, पेट सम्बन्धी, झाडापखाला, बान्ता, कब्जियत, दिसामा रगत, पिसावमा रगत, उच्च रक्तचाप, चिनी रोग, मलेरीया सम्बन्धी उपचार र व्यवस्थापन गर्ने ।

**१८. अनुगमन**

- लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने ।
- प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने ।
- माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने।

**१९. प्रशासनिक कार्य**

- आएका सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राखे ।
- पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राखे ।

- प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने ।
- कर्मचारीको हाजिरी, बिदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राखे ।
- आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राखे ।
- मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन्भन्ने कुराको यकिन गर्ने।
- सञ्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राखे ।

**२०. अभिलेख तथा प्रतिवेदन**

- व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राखे तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने ।
- आवश्यक पर्ने फर्म, रजिष्टर, कार्डहरु कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने।

**२१. अन्य**

- कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने, गराउने कार्यमा सहयोग गर्ने ।

## मौजुदा तथा प्रस्तावित सांगठनिक ढाँचा




प्रस्तावित संगठन संरचना
गाउँ सभा
लेखा, विधायन, सुशासन तथा अन्य समिति
गाउँ कार्यपालिका
आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास र वातावरण तथा विपदव्यवस्थापन समिति
अध्यक्ष
उपाध्यक्ष
न्यायिक समिति
प्रमुख प्रशासकीय अधिकृत
रा.प.तृतिय .१
प्रशासन, योजना तथा अनुगमन शाखा
प्रशासन इकाई
अधिकृत सातौं/आठौं–१
कम्प्युटर अपरेटर -१
का.स. - १
स्वीपर – १ सवारी चालक २
खरिअ तथा जिन्सी इकाई
सहायक पाँचौं/छैटौं–१
आर्थिक प्रशासन इकाई
लेखा अधिकृत सातौं/ आठौं–१
लेखा सहायक पाँचौ/छैटौं -१
का.स.- १
राजस्व इकाई
योजना तथा अनुगमन इकाई
सहायक पाँचौ/छैटौं १
सूचना प्रविधि इकाई सूचना प्रविधि अधिकृत १
कानून इकाई
सहायक, प्र/सा.प्र./कानुन पाँचौ – १
नगर प्रहरी– ५
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा
इन्जिनियर सातौं- १
का.स. - १
सडक तथा अन्य पूर्वाधार विकास इकाई
अ.सव इन्जिनियर चौथो/पाँचौ -१
भ्याकुलोडर चा/सचा २
टेक्टर चालक १
भवन तथा मापदण्ड कार्यान्वयन इकाई
सव इन्जिनियर पाँचौ/छैटौं -१
वातावरण तथा विपद व्यवस्थापन इकाई
सहायक पाँचौ/छैटौं -१
दमकल चालक १(साधन प्राप्त भएपछि मात्र)
खानेपानी तथा सरसफाई ईकाई
खा.पा.स.टे. – १
सामाजिक विकास शाखा
अधिकृत सातौं/आठौं -१
का.स. १
सामाजिक सुरक्षा तथा पंजीकरण इकाई
महिला, बालबालिका तथा समाज कल्याण इकाई
स.म.वि.नि. चौथो/पाचौं/ छैटौं -१
शिक्षा, युवा तथा खेलकुद शाखा
अधिकृत, छैठौ/सातौ/आठौं - १
प्रा.स. पाँचौ/छैटौं - १
खेलकुद प्रशिक्षक ७
का.स. - १
आन्तरिक लेखापरिक्षण इकाई
आन्तरिक लेखा परिक्षक, पाँचौ/छैटौं- १
बाल विकास केन्द्र
विद्यालय
खेलकुद विकास समिति
युवा विकास समिति
स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र
आर्थिक विकास शाखा
कृषि विकास इकाई
कृषि अधिकृत -१का.स.-१
सहायक चौथो/पाँचौं प्रा. ३
पशुपन्छी विकास इकाई
अधिकृत नवैं/दशौं १
सहायक चौथो/पाँचौं प्रा. ४
पर्यटन, घरेलु तथा साना उद्योग र सहकारी इकाई
ह.स.चा. १
आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा
हे.अ.पाचौं/छैटौं/सातौं/आठौं १
नर्स पाचौं/छैटौं/सातौं/आठौं १
कास १
एम्भुलेन्स चालक २
सबबाहन चालक १(साधन प्राप्त भए मात्र)

## मौजुदा तथा प्रस्तावित दरबन्दी तेरिजको विवरणः

| गाउँ कार्यपालिकाको कार्यालयको प्रस्तावित दरबन्दी तेरिज | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | करारबाट पुर्ती हुने दरबन्दी |
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | | १ | |
| २ | इन्जिनियर | ७/८औ | इन्जि. | सिभिल | | १ | |
| ३ | अधिकृत | ७/८ औ | शिक्षा | शि.प्र. | | १ | |
| ४ | अधिकृत | ७/८ औ | प्रशासन | लेखा | | १ | |
| ५ | अधिकृत | ७/८ औ | प्रशासन | सा.प्र. | | २ | |
| ६ | आन्तरिकलेखा परीक्षक | ५/६ औ | प्रशासन | लेखा | | १ | |
| ७ | सहायक | ५/६ औ | प्रशासन | सा.प्र. | | ४ | |
| ८ | कम्प्युटर अपरेटर | ५/६ औ | विविध | | | १ | |
| ९ | लेखा सहायक | ५/६ औ | प्रशासन | लेखा | | १ | |
| १० | प्रा.स. | ५/६ औ | शिक्षा | शि.प्र. | | १ | |
| ११ | हे.अ. | ५/६/७/८ औ | स्वास्थ्य | हे.इ. | | १ | |
| १२ | सवइन्जिनियर | ५/६ औ | इन्जि. | सिभिल | | १ | |
| १३ | अ.सव.इन्जिनियर | ४/५ औं | इन्जि. | सिभिल | | १ | |
| १४ | स.महिला विकास निरीक्षक | ४/५ औं | विविध | | | १ | |
| १५ | खा.पा.स.टे. | ४/५ औं | इन्जि. | सिभिल | स्यानीटरी | १ | |
| १६ | हलुका सबारी चालक | | | | | | २ |
| १७ | कृषि एम्बुलेन्स चालक | | | | | | १ |
| १८ | एम्बुलेन्स चालक | | | | | | २ |
| १९ | भ्याक्हुलोडर चालक | | | | | | १ |
| २० | टेक्टर चालक | | | | | | १ |
| २१ | भ्याक्हुलोडर सहयोगी | | | | | | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | सबबाहन चालक | बाहन प्राप्त भए मात्र पदपुर्ती गर्ने | | | १ |
| २३ | दमकल चालक | दमकल प्राप्त भए मात्र पदपुर्ती गर्ने | | | १ |
| २४ | कार्यालय सहयोगी | | चोथो तह | १ | स्थायी |
| २६ | कार्यालय सहयोगी | | | | ६ |
| २७ | स्विपर | | | | १ |
| २८ | खेलकूद प्रशिक्षक | पद रिक्त भएमा पूर्ति नगर्ने गरी | | | ७ |
| कार्यालयतर्फ जम्मा | | | | २० | २४ |

कृषि तथा पशु तर्फको दरबन्दी विवरण

| क्र.स. | पद | सेवा समूह | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृत | कृषि | ७/८ औं | १ | |
| २ | सहायक | कृषि | ५ औं | २ | |
| ३ | सहायक | कृषि | ४ औं | १ | |
| ४ | अधिकृत | कृषि/लापोडेडे | ९/१०औं | १ | |
| ५ | सहायक(प.स्वा.प्रा.) | कृषि/भेट | ५ औं | १ | |
| ६ | सहायक(प.से.प्रा.) | कृषि/लापोडेडे | ५ औं | १ | |
| ७ | सहायक(ना.प.स्वा.प्रा.) | कृषि/भेट | ४ औं | १ | |
| ८ | सहायक(ना.प.से.प्रा.) | कृषि/लापोडेडे | ४ औं | १ | |
| जम्मा | | | | ९ | |
| गाउँकार्यपालिका र कृषि पशुको जम्मा | | | | २९ | २४ |

## वडा नं १ को कार्यालयको संगठन संरचना



## वडा नं २ को कार्यालयको संगठन संरचना



## वडा नं ३ को कार्यालयको संगठन संरचना



## वडा नं ४ को कार्यालयको संगठन संरचना



## वडा नं ५ को कार्यालयको संगठन संरचना



## वडा नं ६ को कार्यालयको संगठन संरचना



## स्थानीय तहा स्थापना हुने १० शैयाको आधारभूत अस्पतालको प्रस्तावित संगठन संरचना

- **भद्रपुर आधारभूत अस्पताल**
  - **मेडिकल सुपरिण्टेण्डेण्ट (मेडिकल अधिकृत) आठौं तह**
    - **चिकित्सकीय सेवा उपचारात्मक (Clinical Services)**
      - **बहिरङ्ग इकाई**
        - मेडिकल अधिकृत -१
        - हे.अ. तह (५/६/७)-१
        - कविराज/वैद्य तह (५/६/७)-१
        - डे.हा. तह (४/५/६)-१
      - **आकस्मिक इकाई**
        - हे.अ. तह (५/६/७)-२
      - **अन्तरङ्ग इकाई**
        - स्टाफ नर्स तह (५/६/७)-५
      - **अस्पताल फार्मेसी**
        - फार्मेसी सहायक तह (५/६/७)-
    - **निदानात्मक सेवा (Diagnositic Services**
      - **प्रयोगशाला इकाई**
        - ल्याव.टे. १ तह (५/६/७)-१
      - **रेडियोइमेजिङ इकाई**
        - रेडियोग्राफर तह (५/६/७)-१
    - **अस्पताल व्यवस्थापन (Hospital Management)**
      - **प्रशासन इकाई**
        - ना/(प्र.अनं.प./रा.) सु. सहायक पाँचौ तह-१
        - का.स. - (श्रेणीविहिन) ४
        - स्वीपर-(श्रेणीविहिन) २

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## वडा नं २ र ५ कार्यालयहरुको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | |
| १ | सहायक | ५ तह | प्रशासन | सा.प्र. | २ | | |
| २ | सव.ईन्जि. | ५ तह | इन्जिं | सिभिल | २ | | |
| ३ | कृषि प्राविधिक | | | | ० | २ | |
| ४ | सामाजिक परिचालक | | | | ० | १ | |
| ५ | पशु प्राविधिक | | | | ० | २ | |
| ६ | का.स. | श्रेणीविहिन | | | ० | २ | |
| जम्मा | | | | | ४ | ७ | ११ |

| वडा नं १,३,४र ६कार्यालयहरुको दरबन्दी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | | जम्मा |
| | | | | | स्थायी | करार | |
| १ | सहायक | चौथो तह | प्रशासन | सा.प्र. | ४ | | |
| २ | अ.सव.ईन्जि. | चौथो तह | इन्जिं | | ४ | | |
| ३ | कृषि प्राविधिक | | | | | ४ | |
| ४ | पशु प्राविधिक | | | | | ४ | |
| ५ | तथ्याङ्क संकलक | | | | | १ | रिक्त भएपछि पदपूर्ति नहुने गरी |
| ६ | सामाजिक परिचालक | | | | | ३ | |
| ७ | का.स. | श्रेणीविहिन | | | | ४ | |
| जम्मा | | | | | ८ | १६ | २४ |

| नगर प्रहरी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | तह | सेवा | समूह | दरबन्दी | | जम्मा |
| | | | | | स्थायी | करार | |
| १ | प्रहरी सहायक निरीक्षक | | | | ० | १ | १ |
| २ | प्रहरी जवान | | | | ० | ४ | ४ |
| जम्मा | | | | | ० | ५ | ५ |

## स्वास्थ्य संस्थाहरुको दरबन्दी

| क्रस | संस्थाकोनाम, पद | मे.अ. (८,९) | हे.अ.(५,६,) | स्टाफनर्स | अ.हे.व (४,५,६) | अ.न.मी(४,५,६) | ल्याटे/ल्या अ | का.स. | स्वीपर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भद्रपुर आधारभूत अस्पताल | १ | २ | १ | २ | ३ | १ | १ | १ | १२ |
| २ | समैजी स्वास्थ्य चौकी | | १ | | २ | २ | १ | १ | १ | ८ |
| ३ | चमडा स्वास्थ्य चौकी | | १ | | २ | २ | १ | १ | १ | ८ |
| ४ | चिपुर स्वास्थ्य चौकी | | १ | | २ | २ | १ | १ | १ | ८ |
| ५ | देवल स्वास्थ्य चौकी | | १ | | २ | २ | १ | १ | १ | ८ |
| ६ | राजुल आधारभूत स्वास्थ्य केन्द्र | | | | २ | २ | १ | १ | १ | ७ |
| ७ | भण्डारी गाउँसामुदायिक स्वास्थ्य ईकाई | | | | १ | १ | | १ | | ३ |
| ८ | गाल सामुदायिक स्वास्थ्य ईकाइ | | | | १ | १ | | १ | | ३ |
| ९ | भुल्कुडा सामुदायिक स्वास्थ्य ईकाई | | | | १ | १ | | १ | | ३ |
| १० | खतेडा सामुदायिक स्वास्थ्य ईकाई | | | | १ | १ | | १ | | ३ |
| ११ | रोल्ली सामुदायिक स्वास्थ्य ईकाई | | | | १ | १ | | १ | | ३ |
| १२ | मगराउ सामुदायिक स्वास्थ्य केन्द्र | | | | १ | | | | | १ |
| १३ | गुवाडी सामुदायिक स्वास्थ्य केन्द्र | | | | १ | | | | | १ |
| १४ | चोल्लेक सामुदायिक स्वास्थ्य केन्द्र | | | | १ | | | १ | | २ |
| जम्मा | | १ | ६ | १ | २० | १८ | ६ | ११ | ६ | ७० |
| | | नेत्रसहायक ५ | अप्टिकलडिस्पेन्सर ४ | | कविराज | कास | | | | |
| १५ | आँखा उपचारकेन्द्र | १ | १ | | | १ | | | | ३ |
| १६ | नागरिकआरोग्य केन्द्र | ससर्त कार्यक्रमबाट प्राप्त भए अनुसार | | | | | | | | |
| जम्मा | | | | | | | | | | ७३ |

आधारभूत अस्पताल तथा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको दरबन्दी तेरिज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरे अनुसार हुने

<u>सामाजिक परिचालकपदको कार्यविवरण</u>

१.सामुदायिक सहजीकरण गर्ने,

२.बालक्लव गठन परिचालन र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने,

३. नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यहरुमा सहयोग गर्ने,

४. सार्वजनिक सेवा प्रवाहसम्बन्धी नागरिक सन्तुष्टी सर्वेक्षण कार्य गर्ने,

५. सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

६. अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने कार्यमा सहयोग गर्ने,

७. सामाजिक विकाससँग सम्बन्धित क्षेत्रमा गाउँपालिका तथा वडा कार्यालयको काममा सहयोग गर्ने,

८.गाउँपालिकाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने,

९. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागिसरोकारवालाहरुलाई आवश्यक सूचना तथा विवरणहरु उपलब्ध गराउने,

१०.स्थानीयस्तरमा योजना तर्जुमा गर्न, वालवालिकाको आवाज सुनिश्चित गर्न बाल भेला सञ्चालन गर्ने र वालवालिकाको आवश्यकताहरुको विषयमा छलफल गराई एकीकृत योजना तर्जुमा गर्न सहयोग गर्ने,

११. लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने,

११. विपन्न समूहका घरधुरी नक्साङ्कन तथा अद्यावधिक गर्ने,

१२. नागरिक अनुगमनका लागि नागरिकहरूको क्षमता अभिवृद्धि गर्ने,

१३. गाउँपालिकाले तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने,

१४. वातावरण मैत्री दिगो विकासका सूचकहरु कार्यान्वयन गर्न सहयोग गर्ने र

१५. करार सम्झौतामा उल्लेख भई तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

१६. गाउँपालिकाले तोकेको सामाजिक परिचालनसम्बन्धी अन्य कार्यहरु |

**<u>कार्यालय सहयोगी पदको कार्य विवरण</u>**

१. फाईलिङ व्यवस्था राम्रो सँग गर्ने,

२. कार्यालयको कार्यसँग सम्बन्धित तथ्यांक तथा विवरण सुरक्षित राख्ने,

३. कार्यालयवाट पठाईने चिठ्ठीपत्रहरूको चलानी रजिष्टर खडा गरी चलानी गर्ने,

४. कार्यालयमा प्राप्त हुने चिठ्ठीपत्रहरूको दर्ता रजिष्टर खडा गरी दर्ता गर्ने,

५. गोप्यपत्रहरू भएका खामदर्ता गरी शाखा वा स्वास्थ्य संस्थामा प्रमुख समक्ष पेश गर्ने,

६. कार्यालयको छाप दुरुपयोग हुने नदिने गरी सुरक्षित राख्ने,

७. चलानीपत्रहरू पुयाउने र भर्पाई लिने,

८.आफूलाई तोकिएको कार्यस्थलको सेवा विशिष्टता बमोजिम प्रमुखले तोकेको कार्य जिम्मेवारी समयमै सम्पन्न गरी सेवा प्रवाह चुस्त दुरुस्त बनाउने,

९. कामको लागिआउने नागरिकलाई सहयोग गर्ने,

१०. सेवा प्राप्त गर्नको लागि चाहिने कागजात र विधिवारे नागरिकलाई जानकारी दिने,

११. आफू खटिएको स्थलको भौतिक सामग्रीको संरक्षण गर्ने, सदुपयोग गर्ने साथै हिनामिना नोक्सानी हुन नदिने,
१२. कार्यालयको कोठा, टेबल, सोफा, कम्प्युटर फोहोर भएमा सफा गर्ने,
१३. कार्यालयमा विभिन्न फाईल निवेदन फाईलिङ गरी व्यवस्थापन गर्न सहयोग गर्ने,
१४. बैठक तथा कार्यक्रममा चिया, खाजा र पानीको व्यवस्था गर्ने,
१५. जिन्सी शाखाबाट फोटोकपी पेपर र फाईलहरू, कलमहरू, अफिस लेटर प्याड ल्याउने,
१६. आफू भन्दामाथिल्लो दर्जाको कर्मचारी र पदाधिकारीले लगाउनु भएको काम, कर्तव्य पूरा गर्ने
१७. स्वास्थ्य संस्था प्रमुखको निर्देशनहरू पालना गर्ने र भैपरी आउने अन्य काम गर्ने ।
१८. कार्यालयले तोके बमोजिमका अन्य कार्य गर्ने ।

**<u>हलुका सवारी चालक पदको कार्यविवरण</u>**

१. कार्यालय कामकाज र प्रयोजनको गाउँपालिकाको हलुका सवारी साधन संचालन गर्ने
२. सवारी साधनको मर्मत संभार र रेखदेख गर्ने र सो सम्बन्धमा गाउँपालिकाको आदेश अनुसार कार्य गर्ने ।
३. पार्टपुर्जा परिवर्तन, मर्मत सम्भार लगायत कामको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने ।
४. कार्यालयको अनुमति लिएर मात्र सवारी साधन संचालन गर्ने ।
५. कार्यालयको आवश्यकता अनुसार कार्यालय समय बाहेक पनि सवारी साधन संचालन गर्ने ।
६. सवारी साधनसँग सम्बन्धित कामकाज लगायत कार्यालयले तोकेका अन्य कार्य गर्ने ।

**<u>व्याकहो लोडर अपरेटर पदको कार्यविवरण</u>**

१. गाउँपालिकाबाट खटाइएको स्थानमा व्याकहो लोडर संचालन गर्ने,
२. गाउँपालिकाले लिखित आदेश दिए पश्चात व्याक हो लोडर संचालन गर्ने र आदेश विनाकुनै पनि समयमा व्याक हो लोडर संचालन नगर्ने,
३. गाउँपालिकामा व्याक हो लोडर माग गर्ने व्यक्ति वा संस्थाबाट अनुरोध भै आएकोअवस्थामा गाउँपालिकाले खटाएको समय भन्दा बढी समयसम्म संचालन गर्नुपर्नेभएमा अपरेटरले प्रमुख प्रशासकीय अधिकृतलाई खबर गरी थप कार्यदेश लिएर थप समयको रकम गाउँपालिकामा अग्रिम रुपमा जम्मा गर्न लगाएर मात्र संचालन गर्ने,
४. व्याकहो लोडर र खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चातकामको विवरणसहित मिटरको अध्यावधिक अभिलेख कार्यालय समक्ष पेश गर्ने,
५. व्याकहो लोडरको सुरक्षा तथा संरक्षण गर्ने तथा मेशिन बिग्रिएको अवस्थामा लिखित जानकारी गाउँपालिकालाई गराउनु पर्ने,
६. व्याकहो लोडर मर्मतको गर्नु पर्नेसम्बन्धमा जानकारी राख्ने र मर्मतसम्बन्धी कार्य गर्नु पर्ने,
७. मेशिन संचालनको विवरण लगायतका आधारभूत कार्य अध्यावधिक गर्नुपर्ने,
८. गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने |

<u>स्वीपर पदको कार्यविवरण</u>

स्वास्थ्य संस्थामा कार्यरतहरुको लागि स्वास्थ्य सेवा सम्बन्धी ऐन नियमले तोके अनुसार ।

<u>एम्बुलेन्स/दमकल/शवबाहन चालक पदको कार्यविवरण</u>

नेपाल सरकारको एम्बुलेन्स/दमकल/शवबाहनव्यवस्थापन सम्बन्धी निर्देशिकाले तोके अनुसार।

वडा कृषि/पशु प्राविधिक पदको कार्यविवरण

प्रदेश सरकारको कृषि तथा पशुपन्छि हेर्ने मन्त्रालय तथा गाउँकार्यपालिकाले निर्धारण गरे अनुसार।

नगर प्रहरीको कार्यविवरण

कार्यविधि बनाई भर्नाका बखत निर्धारण गरिनुपर्ने।

भद्रपुर आधारभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी हरुको कार्यविवरण

प्रचलित स्वास्थ्य सम्बन्धी ऐन तथा नियमाबली र आधारभूत अस्पताल व्यवस्थापन कार्यविधि अनुसार ।

आज्ञाले,
जितेन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत